# **बेटर ब्रिक –नेपाल**
# **इँटा उद्योगमा गुनासो व्यवस्थापन कार्यविधि**

१. संक्षिप्त नाम र प्रारम्भ:

(क ) यस कार्यविधिको नाम " **इँटा उद्योगमा गुनासो व्यवस्थापन कार्यविधि** " रहेको छ । ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क ) "गुनासो" भन्नाले: कार्यविधिमा उल्लेख भएका माध्यमबाट समितिमा दर्ता गर्न सक्ने लिखित उजुरीलाई सम्झनु पर्छ ।

३. गुनासोकर्ता:

इँटा उद्योगमा जुनसुकै पदमा रहेर मौसमी तथा नियमित काम गर्ने व्यक्तिहरु गुनासोकर्ता हुनेछन् ।

४. गुनासो दिने माध्यमहरु:

गुनासो दर्ता गर्दा गुनासो पेटिकामा निबेदन ,बेनामी निबेदन वा अन्य लिखित वा मौखिक रुपमा गुनासो दर्ता गर्न सकिनेछ ।

५. गुनासोको वर्गीकरण:

गुनासोको बर्गिकरण सामान्य र गम्भीर गरि दुई प्रकारको रहनेछ । सामान्य गुनासो भन्नाले सामान्य झैँ झगडा ,गालिगलौज र मनोमालिन्यसंग सम्बन्धित गुनासो बुझाउँछ भने गम्भीर गुनासो भन्नाले शारीरिक दुर्ब्यबहार ,हिँसा ,कुटपिट र उत्पीडनलाई जनाउदछ ।

६. गुनासो दर्ता गराउने सम्बन्धी व्यवस्था :

(१ )गुनासो दर्ता गर्दा गुनासो पेटिकामा निबेदन ,बेनामी निबेदन वा अन्य लिखित वा मौखिक रुपमा गुनासो सुनुवाई समितिमा गुनासो दर्ता गराउन सकिनेछ ।

(२) समितिमा प्राप्त गुनासाहरु छुट्टै रजिष्टरमा दर्ता गर्नु पर्नेछ । गुनासो दर्ता गरेपछि गुनासो दर्ता निस्सा सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

७. गुनासो व्यवस्थापन प्रक्रिया :

(१) गुनासो दर्ता गर्ने प्रत्येक गुनासो सुनुवाई समितिले प्राप्त गुनासो सुनुवाई गरी आफै निर्णय गर्ने र नसकिने भए कारण सहित गुनासो दर्ता भएको सात दिनभित्र उद्योग प्रशासन वा सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

(२) यसरी गुनासो सम्वन्धित निकायमा पठाईएकोमा सोही व्यहोरा खोली सो को जानकारी गुनासोकर्तालाई दिनु पर्नेछ ।

८. गुनासो व्यवस्थापन गर्ने संयन्त्रहरु:

(१)गुनासो सुनुवाई गर्न देहायको संयन्त्र रहनेछ ।

**गुनासो सुनुवाई समिति :-**

(क) बेटर ब्रिक –नेपाल कार्यक्रमका सामाजिक परिचालक - संयोजक १ जना

(ख) कार्यपालक व्यक्ति - सदस्य सचिब १ जना

(ग प्रत्येक कामदार समुहबाट प्रतिनिधित्व हुने गरि कामदार वा नाइके – अध्यक्ष १ जना

प्रत्येक कामदार समुहबाट प्रतिनिधित्व हुने गरि कामदार वा नाइके (४ जना ) – सदस्य

गुनासो सुनुवाई समिति न्युनतम ७ जनाको हुनेछ । जसमा अनिबार्य ३ जना महिला संलग्न भएका हुनेछन ।

(२ ) समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।
(३ )गुनासो सुनुवाई समितिको काम कर्तब्य अधिकार निम्नानुसार हुनेछ :-

(क) कामदारबाट प्राप्त गुनासो संकलन गर्ने,

(ख) संकलित गुनासोको विषय अनुसार वर्गीकरण गर्ने,

(ग) गुनासो फर्छ्यौट गर्दा प्रतिष्ठानमा मौजुद प्रतिष्ठान बिनियामावाली मा उल्लेखित कार्यविधि कार्यान्वयनका लागि स्वीकृत व्याख्या अनुसार फर्छ्यौट गर्ने ।

(घ) गुनसो सुनुवाई समितिबाट फर्छ्यौट गर्न नसकिएका गुनासोलाई फर्छ्यौट गर्न नसकिएको कारण खुलाई वा उद्योग प्रशासन वा उद्योगि समक्ष प्रस्तुत गर्ने।

(ङ) संकलित गुनासोको अभिलेख अध्यावधिक गर्ने र फर्छ्यौट भएका गुनासोको वारेमा गुनासोकर्तालाई जानकारी दिने,

## अनुसूची १ : गुनासो सुनुवाई अभिलेखीकरण

## घटना /गुनासो अध्ययन फाराम

| क्र .सं. | घटनाको मिति र समय | घटना घटेको स्थान (जिल्ला ,नपा /गापा ,वार्ड ,उद्योग ,बिद्यालय आदि ) | घटनाको विवरण | सम्मिलित समूह /पक्ष | घटना / गुनासो समाधानको प्रक्रिया |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची २ : इँटा उद्योगको बिनियमावलीमा ब्यबस्था भएको गुनासो सम्बन्धि ब्यबस्था

क) उद्योगले मौखिक , मनोवैज्ञानिक , शारीरिक , यौन शोषण लगायत उत्पीडन वा दुर्व्यवहारमा शून्य सहनशिलताको नीति ( लिखित वा अलिखित रुपमा ) अवलम्बन गर्नेछन् ।

ख) दुर्व्यवहार वा उत्पीडनमा संलग्न व्यक्ति वा उद्योगलाई दण्ड सजाय प्रचलित कानुन बमोजिम गर्न सक्ने छ ।

ग) रोजगारदाताले सबै कामदार , कर्मचारी र ठेकेदारलाई यो नीतिको बारेमा जानकारी गराउने छ ।

घ) कामदारहरुको सबै प्रकारको गुनासो सुन्ने संयन्त्र निर्माण गरिने छ । यस संयन्त्रमा उद्योग प्रनिनिधि सहित कामदारहरु , महिला कामदार समेतको सहभागिता गराउने छ ।

ङ) कामदारहरुवाठ प्राप्त भएका गुनासाहरुको प्रकृतिको आधारमा गोप्य गुनासाहरुको गोपनीयता कायम गर्दै समस्या समाधानको बारेमा कार्यवाही प्रकृया अवलम्बन गर्न सक्ने छ ।

च) उद्योग तथा उद्योग प्रशासनले उजुरी बिरुध्द गैर बदलाको दृष्टिकोण राख्ने छ ।

छ) अनुशासन र कारबाही सम्बन्धि एक स्पष्ट व्यवस्था कामदार , नाइके र उद्योगी बीच छलफल गरी प्रणालीको विकास र अनुसासन कायम गर्ने व्यवस्था मिलाईने छ ।

ज) उद्योग व्यवस्थापन पक्षले कुनै शिलशिलामा कामदारहरुलाई दण्ड वा सजाय गर्दा कुनै मौद्रिक जरिवाना लगाउने छैन ।

झ) रोजगारदाता उद्योगले उजुरीहरुको प्रतिबेदन , कानूनी उपचारका घटनाहरु , अनुसन्धानका रिपोर्टिङहरुका रेकर्डहरुलाई लिपिबद्ध गर्न , र समस्या समाधान गर्न अपनाइएका परिणाम जन्य प्रक्रियाहरुको बारेमा उद्योगमा पर्याप्त प्रणालीको व्यबस्था गर्दैजाने छ ।

ञ) रोजगारदाता उद्योगले उद्योगमा मनोवैज्ञानिक रुपमा दुर्व्यवहारमा परेका कामदारहरूको लागि नियमित मनोसामाजिक परामर्श कक्षा या उपचारको उपायहरु अवलम्बन गर्ने छ , मनोसामाजिक परामर्शकालागि अन्य सहयोगी संस्था तथा सेवा केन्द्र संग समन्वय तथा सहकार्य समेत गर्न सकिने छ ।